व्यंग्य

# जुट र फुटको शृंखला

अर्चिता मलाई कलेजमै सबैभन्दा राम्री लाग्ने हुनाले म उनीप्रति विशेष आकर्षित छु। मलाई लाग्छ, मैले प्रेम प्रस्ताव राख्दा उनले नाइ भन्ने छैनन् तथापि हाम्रोबीचका प्रेमको आइस ब्रेक भने हुनसकेको छैन। म जान्दछु उनी पनि मलाई प्रेम गर्छिन् तर भन्न सकेकी छैनन्। त्यसैले उनको र मेरोबीचमा कटाक्ष र मुस्कानमा प्रेम साटासाट हुन्छ। उनी मेरा कुरालाई कटाक्षमार्फत् उत्तर दिन्छिन् म उनको कटाक्षलाई मुस्कानले उत्तर दिन्छु।



● सुदर्शन अधिकारी

नेपालमा पछिल्लो समय राजनीतिक दलहरूमा टुट फुट र जुटको शंखृला चलेको छ। राजनीतिलाई नीतिको माउ, बाउ, धाउ, जाउ नीति भनिन्छ। नीतिहरूको माउ नीति भन्नुका कारण हो सबै नीतिहरूलाई राजनीतिले पार्ने गर्छ। राजनीति नै त्यस्तो नीति हो तसर्थ यसले सधैं चर्चा पाउने गर्छ। राजीतिमा धाउने प्रमुख नेता वरीपरि घुम्ने एक वर्ग हुन्छन् जसले निकटताको आधारमा स्वार्थ मीठो फल प्राप्त गर्ने गर्छ। यस्ता कार्यकर्ता वा नेता हरूको चरित्र मूल नेताका सेवा सुसारेका रूपमा रहने गाउँका आमनागरिकको हितका सवालमा माखो पनि नमार्ने तर केन्द्रमा आसेपासेको भूमिकामा रहेर तर मार्ने काममा व्यस्त रहन्छन्।

अर्काथरि कार्यकर्ता हुन्छन् सधैं आफ्ना जनताको साथमा रहेर उनीहरूको समस्या तथा विकासका लागि निरन्तर प्रयास गरिरहेका छन्। तर, यस्ता नेता तथा कार्यकर्ता भने सधैं पछाडि पर्ने गर्छन्। निष्टा र इमानको राजनीति गर्नेहरू अवसरमा पछाडि नै पर्ने गरेका हुन्छन्। छल कपट र तिकडम् गर्न जान्ने छदम्भेषी कार्यकर्ताहरू नै अवसर प्राप्त गर्न सक्छन्। जताजता हावा चल्छ त्यतात्यता नै जानेहरूले निकै लाभ लिने गरेका सयौं दृष्टान्त रहेका छन्। अझ सटिक भाषामा भन्ने हो भने जता काफल पाक्यो उतै चरी नाँच्यो भने जस्तै गर्ने हजारौं कार्यकर्ता तथा नेतता भनिने महाशयको बखान गर्न हजार जिब्रा भएका शेष नागले सक्दैनन् भने म साधारण मनुवाले कसरी सकौंला र ? होइन त पाठक वर्ग कि कसो होला ?

समय अनुसार रंग बदल्न जाननेलेमात्र राजनीतिमा सफलता हात पार्नसक्छ भन्ने त दर्जनौं दृष्टान्त छन्। हालैका केही राजनीतिक घटना क्रमलाई हेर्ने हो भने पनि त्यो प्रष्ट देख्न सकिन्छ। प्रचण्डकै कुरा गर्ने हो भने स-साना अन्य झण्डै दुई दर्जन दलका नेताहरू भेला गरी पार्टीको नाम नै परिवर्तन गरेर नेपाली कम्युनिष्ट पार्टी राख्न सफल भएका छन्। राजीतिका चतुर र अस्थिरताको पर्याय पहिचान बनाएका पुष्पकमल गतिशीत नेता मानिन्छ। यता अर्का माहिर आरोप र मुद्दाको भारी बोकेर चर्चामा रहेका रविको घण्टी बजाउन बालेन पुगेका छन्।

समयको माग र जनभावनाको कदर गर्ने भनेर नपाली कांग्रेसका गगन र विश्वले पनि छ दशक लामो राजनीतिक यात्रा गरेका अग्रज पार्टीका सभापति बहाल रहेकै बखत शेरबहादुरलाई जीवनको उत्तरार्धमा नमीठो शैलीमा बर्हिगमन गराएका छन्। तातै खाऔं जल्दै मरौ भनेझैं पो गरेका छन् ती दुई भाइले त। तीन महिनापछि त विधानबाटै पनि यनी बाहिरिने थिए तर त्यति पनि प्रतीक्षा गर्न सकेनन्। सामान्यतया राजनीतिमा इमान र निष्टाको राजनीति गर्नेहरूले सफलता कमै मात्र पाउने गरेका छन्। छल कपट, जाल झेलजस्ता विषय राजनीतिमा सामान्य रहने गर्छन्। त्यसमा पनि विद्यार्थी राजनीतिबाट प्रशिक्षित भएका नेताहरू त यस्ता काममा अब्बल नै हुन्छन्।

मधेस प्रदेश केन्द्रित राजनीति गर्दै आएका महन्त, उपेन्द, राजेन्द्रहरू त झनै खप्पिस रहेका छन् दल फुटाउन र जोड्ने कामका लागि अग्र स्थान हाासिल गर्ने विशेषता रहेका सत्तामा रहिरहने क्षमता भएकाहरू पनि फेरि आपसमा जुट्न थालेका छन्। सत्ताको मीठो स्वाद पाएकाहरू सत्ताविहीन भएर बस्न पनि ज्यादै कठिन हुने रहेछ। हर्क, वामदेव, नारायणकाजी, कुलमान हुँदाखादाको पद त्यागेर साम्सदको मोहमा लागेका छन्। कोही प्रधानमन्त्री त कोही मन्त्री बन्ने दौडमा लागेका छन्। कतिपय नेताहरू त जनमत कता छ भन्ने ख्याल पनि नगरी चुनावको मैदानमा बत्तीमा पुतली जस्तै गरी होमिएका छन्।

राजनीतिमा स्थायी शत्रु र स्थायीमित्र भन्ने पनि नहुने रहेछ। प्रेम युद्धमा जे पनि जायज मानिन्छ भने जस्तै राजनीतिमा पनि जेजस्ता गतिविधि पनि सामान्य र सर्वस्वीकार्य बन्ने रहेछन्। तब न राजनीतिलाई माउ नीति भनिएको रहेछ त कुरो बल्ल पो बुझिँदैछ त। नेपालको राजनीति पनि बुझ्न कठिन छ जहिले जोसँग गठबन्धन गर्दा पनि हुने विचार, नीति सिद्धान्त केही पनि मिल्न नपर्ने उदेक लाग्दो रहेको छ, हाम्रो लोकतन्त्रमा त। लौ जसरी हुन्छ देशको शासन सत्तामा गएर स्वार्थ पूरा गर्ने अनि आम नागरिकहरूको जीवन सुधार गर्ने मूल सवालमा जुट, फुट र लुट नीति अंगिकार गर्दै जनसेवामा हाजिर हुन आतुर रहेका आममतदाताले पनि मिहिन तरिकाले मूल्यांकन गरिरहेका छन्। सबैभन्दा बलियो र लोकतान्त्रिक तरिका पनि निर्वाचन भएकोले यसबाटै दलको परीक्षण गरिने भएकाले पनि निर्वाचन महत्त्वपूर्ण मानिन्छ।

राजनीतिमा हरेक दलले भन्ने विषय नै हो कि हामी जनता र देशको हितका लागि काम गर्ने र समाजसेवा गर्न आएका हौं भनेर। तर, कथनी र करणी भने विल्कुलै भिन्न रहनेगर्छ। व्यवहारमा भने बेथिति र भ्रष्टाचार गरी आफ्नो स्वार्थ सिद्ध गर्ने प्रमुख औजारका रूपमा राजनीतिलाई लिइएको तपाईं हामी सबैले देखे भोगेकै विषय हो। त्यसैले राम कृष्ण ढकालको चर्तित गीत 'यी त सब भन्ने कुरा न हुन्' भने झै पो भएका छन्। शीर्षक केन्द्रित हुँदा जुट्, फुट्, लुट्, तुष, फासफुस गुट, उपगुटमा विभक्त हुने जस्ता क्रियाकलाप पनि सामान्य हुन्छन्। हरेक दलमा रहेका केही मात्रामा मात्र इमान र निष्टाको राजनीति गर्ने नेताले अवसर नै नपाउने पाए पनि क्षणिकमात्र हुने प्रवृत्ति नेपाली समाजमा सामान्य चरित्र बनेको छ।

निर्वाचन लोकतन्त्रको सुन्दरता पनि हो तर यसलाई निष्पक्ष, स्वतन्त्र र भयरहित बनाउनेतर्फ भने निकै ध्यान दिनुपर्ने हुन्छ। आजका हरेक हिसाबले सचेत मतदाताले पनि देश र जनताको हितमा भाषणमा नभई व्यवहारमा नै उतार्ने सिद्धान्त र आदर्श पनि समय सापेक्ष दल र दलका उम्मेदवारलाई छनोट गरी सुशासन कायम गर्दै रोजगारी सिर्जना गरी युवा जनशक्ति स्वदेशमा नै रोजगारी गरी बस्नसक्ने वातावरणको निर्माण गर्न सक्नुपर्छ।

नेपाल कृषि प्रधान देश भनेर चिनिन्छ जममा जनसंख्याको लगभल साठी प्रतिशत मानिस कृषिमा संलग्न रहेको तथ्यांक छ तर चामल फलफूल तरकारीलगायता खाद्य पदार्थ मासिक करोडौं रकम खर्चेर आयात गर्न हामी विवश भएका छौं। लाग्छ आज नेपाल मानव निर्यातमा अग्र स्थानमाखरहेको छ। दुई दशकअगाडिसम्म हामी भारतमा ठूलोमात्रमा धान निर्यात गरी आर्थिक लाभ लिन सफल थियौ।

आज दैनिक पच्चीस सय युवाजनशक्ति रोजगारीका लागि विदेशजना विवश छन्। स्वदेशमा रोजगारिका अभावका कारण। तर, हाम्रा नेता गणमा देशमा उद्योग कलकारखानाको स्थापना गरी कम्तीमा पनि एक वर्षमा पचास हजार युवालाई रोजगारी दिने स्थानको निर्माण गर्न सक्छौ भनेर त्यसतर्फ काम गर्न सक्दैनन्। तिनै विदेशएकाहरूले पसिना बगाएर पठाएको विप्रेषणबाट देशको अर्थतन्त्रलाई ठूलो टेको हाल्ने काम भइरहेको तीतो वास्तविकता सबैका सामु छदैछ। आज त कस्तो समय आइसक्यो भने राज्यले सार्वजनिक ऋणको व्याज तिर्न पनि फेरि ऋण लिनुपर्ने अवस्थाको सिर्जना भएको छ। सुन्दा पनि उदेक लाग्छ नि होइन र पाठक बृन्द ? लौ जेजस्तो भए पनि हाम्रा राजनीतिक लदहरूमा चेत हाउने झिनो आशामा उनीहरूको जुट् , फुट् र लुटको राजनीतिक तमासा हेर्नु शिवाय के नै गर्न सकिन्छ र होइन त ? लौ है राखौ निर्वाचनमा आफ्नो मत सोच विचार गरी बाँकी राम भरोसा।

## लुम्बिनीमा पाँच सयजना अस्थायी भिक्षु बन्दै

रबिन्द्र बारही/हिटा

ललितपुर, ७ फागुन



अखिल नेपाल भिक्षु महासंघको आयोजना तथा धम्मकाय फाउण्डेशन (थाइल्याण्ड)को सहयोगमा लुम्बिनीमा यही फागुन २६ गते एकैपटक पाँचसय जनालाई अस्थायी भिक्षु (अल्पकालीन प्रबज्या) बनाइने भएको छ। थाई इण्डिया-नेपाल धर्मदूत र प्रबज्या नेपालको सहकार्यमा सञ्चालन हुने उक्त कार्यक्रमको सहआयोजक थाई राजकीय विहार रहनेछ भने व्यवस्थापन प्रबज्या नेपालले गर्नेछ। कार्यक्रममा लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड र धर्मोदय सभालगायत संघसंस्थाको सहयोग रहने जनाइएको छ।

आयोजकका अनुसार लुम्बिनीलाई विश्व शान्ति तथा आध्यात्मिक केन्द्रका रूपमा प्रवर्द्धन गर्ने, आध्यात्मिक चेतना अभिवृद्धि गर्ने र पर्यटक आगमन बढाउने उद्देश्यले कार्यक्रम गर्न लागिएको हो। भिक्षु थावरले पत्रकार भेटघाटमा जानकारी दिँदै प्रबज्या हुने सहभागीलाई फागुन २८ गतेसम्म नागबहालमा श्रामणेरलाई पात्रदान गरिने र चैत २ गते लुम्बिनीमा विधिवत् भिक्षु (श्रामणेर) बनाइने बताउनुभयो। सहभागीले १५ दिनसम्म भिक्षु जीवन व्यतीत गर्नुपर्नेछ।

उहाँका अनुसार थाइल्याण्डका प्रसिद्ध भिक्षु फ्रा फ्रोमसीनावादीको उपाध्यायत्वमा तथा महासंघका अध्यक्ष धम्मशोभन महास्थविरको उपस्थितिमा दीक्षा प्रदान गरिनेछ। कार्यक्रममा नेपालीसहित थाइल्याण्डका नागरिकको पनि सहभागिता रहनेछ।

कार्यक्रमअन्तर्गत चैत १४ गते बुटवल, देवदह र लुम्बिनीमा धर्मयात्रा गराइनेछ भने चैत १६ र १७ गते क्रमशः काठमाडौंको हनुमान ढोका दरबार क्षेत्र र पुल्चोकस्थित अक्षेश्वर महाविहार मा भिक्षाटन कार्यक्रम राखिएको छ। समापनका अवसरमा प्रमाणपत्र वितरण गरिने र सहभागीहरू पुनः गृहस्थ जीवनमा फर्किने जनाइएको छ। भिक्षु बोधिज्ञान महास्थविरका अनुसार बाँकी दिनमा बुद्धको व्यावहारिक तथा वैज्ञानिक ज्ञान, ध्यान साधना, मैत्री र करुणा विकाससम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

**भिक्षु बन्न इच्छुक व्यक्तिले नाम दर्ता गराउन सक्ने**

भिक्षु बन्न इच्छुक व्यक्तिले फागुन २६ गतेभित्र नाम दर्ता गराउन सक्नेछन्। कार्यक्रममा कुनै शुल्क लाग्ने छैन। पुल्चोकस्थित अक्षेश्वर महाविहार र लुम्बिनी हलमा सम्पर्क केन्द्र तोकिएको छ। आयोजकका अनुसार जात, थर वा देशको कुनै बन्देज नरहेको र इच्छुक जो-कोहीले सहभागिता जनाउन सक्नेछन्। सहभागीले भिक्षु अवधिभर दिनको एकछाक भोजनसहित दश विनयनियम पालना गर्नुपर्नेछ। उक्त कार्यक्रम २०६८ सालदेखि निरन्तर सञ्चालन हुँदै आएको छ। यसअघि विभिन्न चरणमा १११, एक हजार ११२, १५०, एक हजार ११९, ५०० र एक हजार २५० जना गरी हजारौंलाई अस्थायी भिक्षु बनाइसकिएको कार्यक्रम निर्देशक राजेश शाक्यले जानकारी दिनुभयो।


गण्डकी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशन मिति: २०८२।११।०८)

यस डिभिजन कार्यालय अन्तर्गत मिति २०८२।०८।२४ गते राष्ट्रिय स्तरको दैनिक पत्रिका "हिमालय टाइम्स" तथा www.bolpatra.gov.np मा प्रकाशित सूचना अनुसार तटबन्ध सम्बन्धी निर्माण कार्यको लागि E-Bid मार्फत रितपूर्वक पेश हुन आएका बोलपत्रहरु दर्ता भई मिति २०८२।०९।२५ गते प्राविधिक प्रस्ताव र मिति २०82।१०।२९ गते आर्थिक प्रस्ताव खोलिएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| सि. नं. | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र PS समेत) रु. |
|---|---|---|---|
| 1. | WRIDDO/LKRTW/WORKS/NCB-01/2082-83 | MS Nawalpur Construction Services, Shivamandir-3, Nawalparasi | 3,66,24,120.47 |

डिभिजन प्रमुख

**Health Office**
Tamghas, Gulmi

**Invitation for Bids**

IFB No: 01/082-83
(First Date of Publication: 8th Falgun, 2082 (20th Feb., 2026)

1. Province Government has allocated funds towards the cost for construction project on Eye Hospital, Gulmi and intends to apply part of the funds to cover eligible payments under the Contract for construction under National Competitive Bidding (NCB).
2. Health Office, Gulmi invites only electronic bids from eligible bidders for the construction of the contract mentioned in table below:
3. Interested eligible bidders may obtain further information from Health Office, Gulmi or may visit E-procurement section of PPMO's Web Site https://www.bolpatra.gov.np/egp/; (Public Entity Name: Health Office, Gulmi).

| S. N. | Name of Works | Contract ID | Amount Excluding (VAT & PS) | Bid Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction of Truss Structure on Gulmi District Eye Hospital | HO/GUL/W/NCB/124/01/082-83 | 12,35,644.77 | 3,000.00 | 32,000.00 |

Office Chief

**Laligurans Municipality**
**Office of Municipal Executive**
Basantapur, Tehrathum

**Invitation for E-bid Only**

First Date of Publication: 2082/11/08 (02/20/2026)

1. **Laligurans Municipality** invites Electronic Bids under National Competitive Bidding (NCB) for the following Supply Works:

| IFB No. | Contract Identification No. | Description of Works | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| LM/NCB/S/02/2082-83 | LM/NCB/S/02/2082-83 | PROCUREMENT OF PLASTIC POND, PLASTIC TUNNEL, HDPE PIPE AND HDPE WATER TANK FOR AGRICULTURE DEPARTMENT, LALIGURANS MUNICIPALITY | 1,15,000.00 | 3,000.00 |

2. **Bank Details:**
**Bank Name :** Kumari Bank Limited
**Bank Address :** Basantapur, Tehrathum Branch
**Office Code Number :** 801010502
**Revenue Code Number :** 14229

| Details | For Cost of Bid Documents | For Bid Security Deposit |
|---|---|---|
| Account Name | Antarik Rajaswa Khata (Revenue Account) | Dharauti Khata (Security Deposit Account) |
| Account Number | 2570248753600003 (GA 1.1) | 2570248753600009 (GA 3) |

3. **Pre-bid meeting shall be held on :** 3rd March 2026 (2082/12/01) at 14:00 hrs.
4. **Bid Submission Deadline :** 23rd March 2026 (2082/12/09) at 12:00 hrs.
5. **Bid Opening Time :** 23rd March 2026 (2082/12/09) at 13:00 hrs.
6. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **www.bolpatra.gov.np/egp**
7. The employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

**हकदावीको सूचना**

गण्डकी प्रदेश, स्याङ्गजा जिल्ला भिरकोट न.पा वडा नं. १ स्थायी ठेगाना (हालको स्याङ्गजा जिल्ला, भिरकोट न.पा वडा नं. १) बस्ने हरी बहादुर के.सी.को नाती कोत बहादुर के.सी.को छोरा, श्री कृष्ण बहादुर के.सी.को मिति २०८२/१०/१४ गतेका दिनमा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. १७९०५३९००००३१ मा भएको सम्पूर्ण रकम कृष्ण बहादुर के.सी.को हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको श्रीमती सुमन के.सी.ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक सुमन के.सी. बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक सुमन के.सी.को दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, भिरकोट, स्याङ्जा
फोन नं.: ०६३–४०००९२

**वर्गीकृत डिस्प्ले**

**माईग्रेशन सर्टिफिकेट हरायो**

मिति २०८२/१०/२९ गतेको दिन तिनकुनेबाट बानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
Name: Rejina Raut
NEB Regd. No.: 803271190428
Migration No: T 1287639
School's Name: Premier Secondary School, New Baneshwor, Kathmandu
Date of Issue: 2081/06/15
Contact No: 9826739157

वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४५७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:
काठमाण्डौं : ०१-४५७८१७७
विराटनगर : ९८४२०५९११०
गौर, रौतहट : ९८४५१३५२३४
मलंगवा : ९८०४८२३४११

e-mail: hitanewz@gmail.com
Website : ehimalayatimes.com.np

नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाण्डौं उपत्यका विकास प्राधिकरण
**जिल्ला आयुक्तको कार्यालय, भक्तपुर**
दरबार स्क्वायर, भक्तपुर

KVDA

**बोलपत्र छनौट गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित २०८२।११।०८

यस कार्यालयबाट मिति २०८२।०६।०५ को राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रदाताहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं | ठेक्का नं | कामको विवरण र स्थान | निर्माण व्यवसायीको नाम | कबोल अङ्क (भ्याट र पि एस समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | KVDA/BKT/NCB/WORKS/082/83-04 | Flag Stone laying at Bhaktapur-01 KUKL Parisar & Bhaktapur-09 Wachuhiti; Foothpath construction and other associated works at Bhaktapur-10 Dhunge Dhara to Lancha Falcha, Madhyapur Thimi-02 Sanothimi Army Barrack to SoS, Suryabinayak chowk to Ganesh Mandir, Changunarayan Mun. Army pratisthan to Nagarkot | Jayshree Mahalaxmi Multipurpose Company Pvt. Ltd | २,८४,८१,७०३।६३ | Single Stage Double Envelope |
| २ | KVDA/BKT/NCB/WORKS/082/83-05 | Park Development works and construction of Falcha at Changunarayan-06, Shantidada and Rigid Pavement Construction works at Telkot Trishul Dada Paryatan Marg Changunarayan-04,05 | A.L is Well Construction Pvt. Ltd. | २,३४,३६,७०८।६६ | Single Stage Double Envelope |

जिल्ला आयुक्त


CMYK